# कुश्मा नगरपालिकाको तेह्रौं नगर अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ का लागि उप-प्रमुख स्वस्थानी रिजाल द्धारा प्रस्तुत बजेट वक्तब्य

कुश्मा नगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशनका अध्यक्ष एवं कुश्मा नगरपालिकाका नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु, कुश्मा नगरपालिकाका कर्मचारी साथीहरु,विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरी यस गरिमामय सभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, विभिन्न माध्यमबाट यस अधिवेशनलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण नगरवासीहरुलाई नमस्कार एवं हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय सभाका सभा अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. कुश्मा नगरपालिकाको तेह्रौ नगर अधिवेशनको गरिमामय यस सभामा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने महत्वपुर्ण अवसर प्राप्त भएकोमा म आफुलाई गौरवान्वित एवं हर्षित महशुस गरेकी छु । यस अवसरमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

२. यस महत्वपुर्ण अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र एवं लोकतन्त्र स्थापना तथा सामाजिक न्याय र समानता सहितको संघीय शासन प्रणाली र विभिन्न राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु । साथै घाइते, वेपत्ता योद्धा एवम् पीडित परिवार र नागरिक प्रति कुश्मा नगर सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको परिवर्तनका लागि भएका सबै राजनीतिक आन्दोलन तथा आर्थिक र सामाजीक सबलीकरणको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने शिखर व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. नेपालको सविधानको धारा २३० को मर्म र भावना अनुरुप प्रस्तुत बजेटले सघिय शासन प्रणालीलाइ थप सुदृढ उत्तरदायी र नागरिकमैत्री बनाउदै जनप्रतिनिधी कर्मचारी तथा नागरिक बीचको सहकार्य समन्वय र साझेदारीलाइ प्रर्वदन गर्ने विश्वास लिएको छ । नगरको दीर्धकालीन विकास र समृद्ध कुश्मा नगर निर्माणको साझा सकल्पलाइ मजवुत वनाउने दिशामा प्रस्तुत बजेट परिलक्षित हुनेछ ।

४. स्थानीय जनताको आवश्यकता प्राथमिकता र आकांक्षालाई केन्द्रविन्दुमा राखी योजना छनोट तर्जुमा र कार्यान्वयन पक्रियालाइ अगाडी वढाइएको छ । नगरवासीहरुका भावना सुझाव र अपेक्षालाइ समेट्दै समावेशी उत्तरदायी तथा परिणाममुखी बजेट निर्माण गरिएको विश्वास दिलाउन चाहन्छु ।

५. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्र, संघीय तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोह्रौं योजनाले तोकेका प्राथमिकताको क्षेत्र, प्रादेशिक आवधिक योजना, कुश्मा नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य एवम् प्रचलित ऐन, कानुन तथा कार्य विधिबाट निर्देशित भई सम्मानित नगरसभबाट स्वीकृत कुश्मा नगरपालिकाको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

६. कुश्मा नगरबासीहरुको माग, चाहना र आवश्यकता पुरा गर्न टोलस्तर/वडा स्तर/नगरस्तरमा भएका छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम, विषयगत समितिमा भएका छलफल, नागरिक समाज, बुद्धीजिवी, पत्रकार, राजनीतिक दल र विभिन्न माध्यमबाट प्राप्त रचनात्मक सुझावलाई समेटेर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

७. संघीय तथा गण्डकी प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्वको सीमाभित्र प्रशासनिक तथा कार्यालय संचालन खर्च रहने गरी बजेट प्रस्ताव गरेकी छु। नेपाल सरकार एवम् गण्डकी प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान, सशर्त/समपुरक/विशेष अनुदान र कुश्मा नगरपालिकाको आन्तरिक राजस्वलाई बजेटका प्राथामिकता र उद्देश्य हासिल गर्न सक्ने कार्यक्रममा विनियोजन गरिएको छ ।

**आदरणीय सभाका सभाअध्यक्षज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

८. अव म चालु आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षका लागि रु. ९० करोड ४१ लाख रकम विनियोजन भएकोमा आषाढ ५ गते सम्म रु. ५५ करोड ८२ लाख ३६ हजार खर्च भई ६१.७४ प्रतिशत प्रगति हाँसिल भएको छ ।
- चालु आर्थिक वर्षमा कुल विनियोजित रकम मध्ये आन्तरिक स्रोतवाट रु. ५ करोड ७६ लाख ४३ हजार व्यहोर्ने अनुमान गरिएकोमा हाल सम्म रु. २ करोड ८१ लाख ४६ हजार मात्र संकलन भएको छ । जुन अनुमानित आयको ४८.८२ प्रतिशत हो ।
- आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । चालु खर्च घटाउने प्रत्येक आ.व. मा बेरुजु देखिएका खर्चको सन्दर्भमा सम्बन्धित अधिकारीलाई जिम्मेवार वनाउने र निरन्तर नियमन गरी वढ्दो वेरुजु कम गर्न आवश्यक व्यवस्था

मिलाइने छ । चालु आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक सम्मको आन्तरिक लेखा परीक्षण समेत सम्पन्न भईसकेको छ ।

९. अब म चालु आ. व. २०८२/८३ मा प्राप्त गरेका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

- चालु आ.व.मा जम्मा १७ वटा आयोजनाको वोलपत्र आह्वान भएको छ । वडास्तर र नगरस्तरवाट कार्यान्वयन भएका योजनाहरुको समग्र प्रगति तथा उपलव्धि आर्थिक वर्षको समाप्ति पछि तयार हुनेछ । वडा नं. १ र ८ को वडा कार्यालय भवनहरु निमार्णाधीन अवस्थामा रहेका छन् भने यस वर्ष वडा न. २ र ११ को वडा कार्यालयको भवन निमार्णको लागि गण्डकी प्रदेश सरकार मार्फत स्रोत सुनिश्चित भइ निर्माण कार्य सुरु हुने चरणमा रहेको छ ।
- चालु आ.व. मा जम्मा ९ वटा नयाँ घरको नक्सापास सम्पन्न गरिएको छ ।
- २ वटा खानेपानी उपभोक्ता समिति र २ वटा मूल दर्ता भएका छन् ।
- एक घर एक धारा कार्यक्रम मार्फत नगर भित्रका ६३.१४ प्रतिशत घर परिवारमा खानेपानीको धारा निर्माण सम्पन्न भएको छ ।
- कुश्मा नगरपालिकाको प्रशासकीय भवन आर्थिक वर्ष २०८१/०८२ मा निर्माण सुरुवात भई हाल सम्म वित्तीय प्रगति ६५ प्रतिशत रहेकोमा भौतिक प्रगति करिव ८० प्रतिशत पुगेको छ । जसले गर्दा आगामी आ.व. २०८३/०८४ मा हाम्रो नगरको आफ्नै भवनवाट सम्पुर्ण प्रशासनीक कार्यहरु सम्पन्न हुनेछन ।
- नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने सबै योजना उपभोक्ता समिति र ठेक्का मार्फत कार्यान्वयनको क्रममा रहेका छन् ।गत आवमा जम्मा ५६२ योजना रहेकोमा २८२ बटा योजना सम्पन्न भएका छन् । अन्य योजनाहरुको काम सम्पन्न भई भुक्तानीको चरणमा रहेका छन् ।
- भौतिक पूर्वाधार तर्फ चालु आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म नगरपालिका भित्र १९९१ मिटर कालोपत्रे सडक, १५०० मिटर नयाँ ट्र्याक, २५६१ मिटर पक्की नाली निर्माण, ८६१ मिटर पक्की कुलो निर्माण, ५००० मिटर ग्रावेल सडक,९५० मिटर सडक ढलान, ८०० मिटर सुख्खा ढुंगाको वाल निर्माण, ९५० मिटर ढुङ्गाको सडक सोलिङ्ग र ८०० मिटर पदमार्ग र ३५०० मिटर खानेपानीको पाइप विछ्याउने कार्य सम्पन्न भएको छ ।
- नगरपालिका क्षेत्र भित्रको ढुङ्गा गिटी तथा वालुवा निकासी ठेक्का प्रक्रिया मार्फत सम्पन्न गरिएको छ । जसबाट नगरपालिकालाई रु २ करोड ८० राजश्व सकलन भएको छ ।

- कुश्मा बसपार्क ठेक्का प्रक्रिया मार्फत सञ्चालनमा ल्याइएको छ ।जसवाट रु १२ लाख राजश्व सकलन भएको छ ।
- सामाजिक सुरक्षा भत्ता सबै लाभग्राहीको खातामा विद्युतिय भुक्तानी प्रणाली मार्फत् भुक्तानी हुने व्यवस्था मिलाइएको छ ।
- विद्यालयमा कार्यरत ७० जना बालशिक्षक, १८ जना विद्यालय कर्मचारी र ७० जना कार्यालय सहयोगी कर्मचारीहरुको तलव थप भएको छ ।
- नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । जिल्ला स्तरिय प्रतियोगितामा नगरपालिकाले प्रथम स्थान हाँसिल गर्न सफल भएको छ ।
- शैक्षिक सत्र २०८२ मा नगरपालिका भित्रका सवै सामुदायिक तथा सस्थागत विद्यालयहरुमा एकै समयमा एउटै प्रश्नप्रत्रवाट वार्षिक परीक्षा सम्पन्न गरिएको छ ।
- शैक्षिक सत्र २०८२ मा विद्यार्थि सख्या न्यून भएका ३ वटा आधारभूत विद्यालय नजिकको विद्यालयमा समायोजन गरिएको छ ।
- शिक्षा ऐन तथा नियमावली वमोजिम सस्थागत विद्यालयले प्रदान गर्ने विपन्न छात्रवृतिको लागि सस्थागत विद्यालयसँगको समन्वयमा विद्यालयगत रुपमा सूचना प्रकाशन भएको छ । कक्षा ११ को हकमा नगरपालिका मार्फत छनौट परीक्षा सञ्चालन गरि ५ जना विद्यार्थीहरुलाई निशुल्क अध्ययनको लागि सिफारिस गरिएको छ ।
- प्रतिभा प्रहिचान कार्यक्रम मार्फत एस इ इ परीक्षामा ३.६३ जिपिए वा सो भन्दा बढी अङ्क प्राप्त गरी  कक्षा ११ र १२ मा अध्ययनरत करीव ५८ जना जेहेन्दार विद्यार्थीहरुले छात्रवृति प्राप्त गरेका छन् ।
- स्थानिय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमको प्रवर्द्धनका लागि जनप्रतिनिधि विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र दिवा खाजा तयार गर्ने कर्मचारी हरुको लागि अभिमुखीकरण सम्पन्न गरिएको छ ।
- विद्यालय बाहिर रहेका बालवालिकाहरुको तथ्याङ्क सङ्कलनका लागि सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई परिचालन गरिएको छ ।
- क्षयरोगका शंकास्पद बिरामीहरुको पहिचानको लागि क्षयरोगमुक्त अभियान कुश्मा नगरपालिकाको सवै वडामा समिति गठन तथा सुक्ष्म योजना तर्जुमा गर्ने कार्य सम्पन्न गरिएको छ । साथै उच्च प्रविधियुक्त एक्सरे मार्फत ३७४ जनाको क्षयरोग स्किनिङ्ग गरिएको छ ।
- कक्षा ६ देखि १० सम्म अध्ययनरत १० देखि १६ वर्षका सवै किशोरीहरुको लागि पाठेघरको मुखको क्यान्सर विरुद्धको **HPV** खोप दिइएको छ।
- विद्यालय स्वास्थ्य तथा विद्यालय पोषण सप्ताह १४ वटै वडामा सम्पन्न गरिएको छ ।

- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत ५ बर्ष मुनिका सबै बालबालिकाहरुलाई भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।
- मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मृगौला जस्तारोगहरुको कम्तीमा महिनामा एक पटक नगरपालिका अन्तर्गतका १७ वटै स्वास्थ्य संस्थाबाट ६० बर्ष माथिका जेष्ठनागरिक तथा अन्य जोखिममा भएका नागरिकहरुका लागि जाँच तथा प्रेषण सेवा प्रदान गर्दै आइरहेको छ।
- कुश्मा नगरपालिकालाई पूर्ण खोप पालिका घोषणा गरिएको छ ।
- सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ । यसवाट नगरपालिका भित्रका वर्थिङ सेन्टरमा सुत्केरी भएका सम्पूर्ण महिलाहरु लाभान्वित भएका छन् ।
- मिनिटेलर हलो वितरणका लागि कृषकहरुको छनोट गरी २०० वटा हलो वितरण गर्ने अन्तिम तयारीमा रहेको छ ।
- ५९ वटा स्थायी प्लाप्टिक घर निर्माण तथा १०० जना विपन्न नागरिकलाइ प्लाष्टिक सिट वितरण गरिएको छ ।
- ५०० जनालाइ निशुल्क रोग तथा किराको विषादी वितरण गरिएको छ ।
- नाफा परियोजना अन्तरगत ८० रोपनी जग्गामा फलफुलको बगैचा विस्तार गरिएको छ।
- नगरपालिका अन्तरगतका ४ वटा वडाहररुमा कृषक पोषण पाठशाला सचालन गरिएको छ ।
- केरा पकेट क्षेत्र विस्तारको लागि ३००० केराका विरुवा रोप्ने काम सम्पन्न गरिएको छ ।
- ५००० वटा सुन्तला तथा कागतीका विरुवाहरु ७५ प्रतिशत अनुदानका वितरण गरिएको छ ।
- महिलाहरुको नेतृत्व तथा क्षमता विकास गर्ने उद्देश्यले ५० जना महिलाहरुका लागि ३ दिने नेतृत्व तथा क्षमता विकास तालिम सम्पन्न गरिएको छ ।
- नगरस्तरीय बालसञ्जाल र वडास्तरीय बालसंजालका ९० जना पदाधिकारी हरुका लागि Academic Use Of ICT सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- ७ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री वितरण गरिएको छ ।
- नगरपालिका भित्रका अपाङ्गता भएका नागरिकहरुको पहिचानका लागि क, ख, ग र घ वर्गका गरी हालसम्म यस आर्थिक वर्षमा ५५ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र र

९० जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने कार्यसम्पन्न भएको छ ।

- हिंसा प्रभावित महिलाहरुका लागि अल्पकालीन आश्रय स्थल सेफ हाउस संचालन गरी १८ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।
- नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनको काम नगरपालिकावाटै जनशक्तिको परिचालन गरि ब्यवस्थापन भईरहेको छ ।
- कुश्मा नगरपालिका वडा नं ४ मा गुप्तेश्वर धार्मिक पर्यटन प्रबर्द्धन केन्द्रको गुरुयोजना अनुरुपका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । केन्द्रको पुर्वाधार निर्माणको कार्य निरन्तर सञ्चालन भईरहेको छ ।
- उद्यम विकास कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिका वडा नं. ५ मा १७ जनालाई उद्यमशिलता विकास कार्यक्रम तथा मासु तथा तरकारीको अचार वनाउने सिप विकास तालिम सम्पन्न गरिएको छ ।
- कुश्मा नपा वार्ड न २ मा स्तरउन्नती कार्यक्रम अन्तरगत १४ जना पुराना उद्यमीहरुलाइ सिप विकास तालिम दिइ गोला सहितको मौरीघार वितरण गरिएको छ ।
- स्टार्टअप लोन अन्तरगत कुश्मा नगरपालिका भित्रका १८ जना उद्यमीहरुको स्थलगत निरीक्षण गरि औद्योगिक व्यवसाय प्रतिष्ठानमा कर्जाको लागि विवरण पठाइएको छ ।
- सहकारी संस्थाका सम्बन्धमा प्राप्त बचत फिर्ता तथा अन्य उजुरी तथा समस्याहरुलाई स्थलगत अनुगमन तथा निरिक्षण गरी आपसी छलफलद्धारा कार्यालयबाट नै समाधान तथा बचत फिर्तामा पहल गरिएको छ।
- सहकारीको विद्यमान समयमा देखिएका समस्याका विषयमा सहकारी संस्थाका संचालक तथा सरोकार विच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- कुश्मा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थामा कार्यरत प्रबन्धक तथा कर्मचारीको क्षमता विकासका लागि सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) तथा लेखा सम्बन्धी ३ दिने तालिम संचालन गरिएको छ।
- कुश्मा नगरपालिकाको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई कारोवारका आधारमा व्यवसाय करको दायरामा ल्याएर रु. २,६८,१०० (रुपैंया) कर संकलन गरिएको छ ।
- कुश्मा नगरपालिकाका १४ वटै वडाहरुमा MIS प्रणाली मार्फत घटना दर्ता तथा सामाजिक सूरक्षा प्रणाली लागू गरिएको छ ।

- EFT प्रणाली मार्फत जम्मा ५७८७ जना लाभग्राहीहरुलाइ सामजिक सूरक्षा भत्ता वितरण गरिएको छ ।
- राष्ट्रिय परिचयपत्रलाइ अनिवार्य गराइ बायोमेट्रिक भेरिफिकेशन मार्फत सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरण गर्ने कार्य गरिएको छ ।
- नगरभित्र सफा र स्वच्छ मासु तथा मासुजन्य पदार्थको व्यवस्था गर्न मासु पसल, फ्रेस हाउस तथा बधशालाको नियमित अनुगमन गरी मासुपसल फ्रेस हाउस सुधार कार्यक्रम सम्पन्न गरीएको छ ।
- छाडा तथा सामुदायिक कुकुरहरुवाट मानिसमा सर्ने रेविज र वढ्दो सडक दुर्घटना न्युनिकरण गर्ने उदेश्य सहित जिरो रेविज वाइ २०३० नारा सहित १०३ वटा सामुदायिक घर पालुवा कुकुरहरुमा वन्ध्याकरण र रेविज विरुद्धको खोप तथा सचेतना कार्यक्रम सम्पन्न गरीएको छ ।
- १५ वटा गोठ निर्माण तथा सुधार कार्यक्रम सम्पन्न गरिएको छ।
- अफ्रिकन स्वाईन फिवरवाट प्रभावित सुँगुर, वंगुर फर्मलाई पुनस्थापना, सहयोग उपलब्ध गराईएको छ ।
- साना व्यवसायिहरुलाइ १० वटा घाँस काट्ने मेसिन उपलव्ध गराइएको छ ।
- दुध तथा मासुमा उत्पादन वढाउन ए आइ मेसिन कार्यक्रम सञ्चालन गरिएको छ ।
- सुरक्षित आप्रवासन सामी तर्फ ४८०५ जना व्यक्तीहरुलाइ सूचना परामर्श सेवा प्रदान गरिएको छ । ४७ वटा वैदेशिक रोजगारी सँग सम्बन्धित घटनाहरुमा २ करोड ४१ लाख ५१ हजार ७ सय ९० रुपैया आर्थिक सहायता प्राप्त गर्न सहजीकरण गरिएको छ।
- २० जना मनोसामाजिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुलाइ परामर्श सेवा प्रदान गरिएको छ ।
- ३३ जना श्रमिकहरुलाइ श्रम स्विकृतीमा सहजीकरण गरिएको छ । २४ जना विद्यार्थीहरुलाइ वैदेशिक रोजगार सन्तती छात्रवृती प्रदान गर्न सहजिकरणका साथै वैदेशिक रोजगार कल्याणकारी कोषमा सहजीकरणका कार्यहरु सम्पन्न गरिएको छ ।
- श्रमिक र रोजगारदात विच सम्बन्ध स्थापना गर्न श्रमको सम्वाद कार्यक्रम सञ्चालन गरिएको छ ।

- नगरपालिकाका हरेक गतिविधिहरु नियमित रुपमा वेबसाइट, फेसवुक पेज र अन्य विद्युतीय संजाल मार्फत् सार्वजनिक गरिदै आएको छ । सि.सी क्यामेरा, नेटवर्किङ्ग, विद्युतीय हाजिर लागू गरी प्रविधीमैत्री सेवा प्रवाहमा जोड दिईएको छ ।
- राजश्व प्रणालीमा महालेखा नियन्त्रक कार्यालयद्धारा सञ्चालित स्थानीय संचित कोष ब्यवस्थापन प्रणाली (SuTRA) रेभिन्यू मोडल पुर्ण रुपमा सञ्चालन भइरहेको छ ।

**आदरणीय सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरु,**

१०. अब म कुश्मा नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

११. "**समृद्ध सुन्दर कुश्मा नगर"** भन्ने लक्ष्य पूरा गर्नका लागि तयार पारिएको आगामी आ.व. २०८३/०८४ को बजेटका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन् ।

- समावेशी दिगो र गुणस्तरिय पुर्वाधार विकास मार्फत सुरक्षित व्यवस्थित र सुन्दर कुश्मा नगरको निर्माण गर्ने ।
- शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै मानव विकास सुचकाङ्कमा सुधार ल्याउने ।
- कृषिको आधुनिकीकरण व्यवसायकरण र यान्त्रिकिकरण मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धी गरी रोजगारी र आय आर्जनका अवसरहरु विस्तार गर्ने।
- नगरभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण,प्रचार एवं विकासका लागि सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गर्ने।
- लक्षित समूहको संरक्षण विकास र सशक्तिकरण गराई उनीहरुलाई विकासको मूलप्रवाहमा ल्याउने ।
- वातावरण संरक्षण जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखीम न्यूनिकरणलाइ विकास प्रक्रियाको अभिन्न अगको रुपमा स्थापित गर्ने।
- डिजीटल प्रविधीमैत्री पारदर्शी जवाफदेही र नागरिकमैत्री स्थानिय शासन प्रणालीको विकास गर्ने ।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू,**

१२. अब म आ.व. २०८३/०८४ को बजेटका मुख्य प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

- सुरक्षित दिगो र गुणस्तरीय सडक पुर्वाधार निर्माण तथा स्तरोन्नती ।
- सार्वजनिक भवन सामुदायिक पुर्वाधार तथा शहरी सुविधाको विकास ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार तथा बालमैत्री अपाङ्गमैत्री प्रविधीमैत्री शिक्षाको प्रवर्द्धन।
- आधारभुत स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धी ।
- कृषि तथा पशुजन्य उत्पादन प्रवर्द्धनका लागि यान्त्रिकीकरण र प्रविधिको प्रयोगमा जोड।
- युवा तथा महिलामुखी उद्यमशिलाता विकास कार्यक्रम सञ्चालन ।
- धार्मिक प्राकृतिक तथा साहसिक पर्यटन क्षेत्रको प्रवर्द्धन ।
- युवाहरुका लागि सिपमुलक व्यावसायिक तालिम, स्वरोजगार तथा रोजगारमुलक कार्यक्रम र वैदेशिक रोजगारीवाट फर्केका युवाको पुन एकिकरण र उद्यम प्रवर्द्धन ।
- लक्षित समुहको शसक्तीकरण समानतामूलक कार्यक्रम र सामाजिक सुरक्षा तथा सरक्षण।
- हरित नगर अभियान वृक्षारोपण तथा फोहोरमैला व्यवस्थापन ।
- विपद जोखिम न्यूनिकरण पुर्वतयारी तथा उद्धार व्यवस्थापन ।
- डिजिटल प्रविधिमा आधारित सेवा प्रवाहको विस्तार ।
- नगरपालिकाको सस्थागत क्षमता तथा जनशक्ती विकास ।
- ऐतिहाँसिक धार्मिक तथा सास्कृतीक सम्पदाको सरक्षण ।
- कुश्मा नगरको विशिष्ट पहिचान र पर्यटन ब्रान्डको विकास ।
- आन्तरिक राजस्व वृद्धी तथा वित्तिय अनुशासन कायम।

**आर्थिक विकास क्षेत्रः**

१३. कुश्मा नगरपालिकालाई उत्पादनमा आधारित कृषि क्षेत्रको विकास गरि आत्मनिर्भर कुश्मा वनाउन खाद्य सुरक्षाका लागि कृषि यान्त्रीकरण विस्तार कार्यक्रम र प्लाष्टिक टनेल निर्माण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिदै १ करोड ४५ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्रः**

१४. स्थानीय विकासको प्रमुख आधार शिक्षाको विकासका लागि पुर्वाधार, शैक्षिक सुधार र शिक्षकहरुको तालिमका लागि आवश्यक वजेट विनियोजन गरिएको छ । वार्षिक रुपमा विद्यालयस्तरमा सञ्चालन गरिने परिक्षा नगरपालिका स्तरमा सञ्चालन गर्नको लागी आवश्यक वजेटको विनियोजन गरेकी छु ।

१५. **विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम** अन्तर्गत विगत वर्ष देखी सञ्चालनमा रहेको एस.ई.ई. र कक्षा १२ मा ३.६३ वा सो भन्दा माथि जि.पी.ए. ल्याउने विद्यार्थीलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिन १५ लाख वजेट विनियोजन गरेकी छु ।

१६. सामुदायिक विद्यालयका छात्राहरुको लागि **निशुल्क स्यानिटरी प्याड** उपलब्ध गराउनका लागि १३ लाख ८१ हजार वजेट विनियोजन गरिएको छ ।

१७. आधारभूत तहका विद्यार्थीको पोषण र उपस्थितिका दर वृद्धि गर्नका लागि कक्षा १ देखि कक्षा ५ सम्म अध्यनरत विद्यार्थीलाई **दिवा खाजाको** ७३ लाख १ हजार वजेट विनियोजन गरिएको छ ।

१८. **महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, अल्पसंख्यक र अपाङ्गता** भएका ब्यक्तिहरुलाई मुलप्रवाहीकरण गर्नका लागि पहुँच, सहभागिता र सशक्तिकरणका लागि ९ लाख वजेट विनियोजन गरेकी छु ।

१९. खेलकुद्ध क्षेत्रको प्रवर्द्धनका लागि ३० लाख वजेट विनियोजन गरेकी छु ।

२०. **सुत्केरी पौष्टिक आहार कार्यक्रम** सञ्चालनका लागि १२ लाख विनियोजन गरेकी छु ।

**२१.** गुप्तेश्वर वहुमुखी क्याम्पस र शिवालय वहुमुखी क्याम्पसलाई एकिकरण गरि सञ्चालनमा आएको कुश्मा वहुमुखी क्याम्पसलाई रु. १० लाख अनुदानको ब्यवस्था मिलाएकी छु । विश्वज्योति प्राविधिक विद्यालय सञ्चालनका लागि समेत रु. १० लाख विनियोजन गरेकी छु ।

**भौतिक पुर्वाधारः**

२२. कुश्मा नगरपालिकाको **प्रशासनिक भवन निर्माण** कार्य अन्तिम चरणमा रहेकोमा उक्त भवनको विल, फर्निचर तथा फर्निसिङ लगायतका लागि संघीय सरकारको साझेदारीमा कूल २ करोड वजेट विनियोजन गरेकी छु ।

२३. गुप्तेश्वर धार्मिक पर्यटन प्रवर्द्धनका लागि क्रमागत रुपमा यस आ.व. मा समेत रु. ९० लाख विनियोजन गरेकी छु । त्यस्तै श्री लक्ष्मीनारायण मन्दिर (शालग्राम आश्रम) का लागि रु. १० लाख वजेटको प्रवन्ध गरेकी छु ।

२४. कुश्मा नगरपालिका वडा नं. १३ मा पर्ने सेताढुङ्गा, चनौटे, थुम्का, सालघारी, अर्घसे, लाकुरी आधारभुत विद्यालय सडकका लागि संघीय सरकारबाट २६ लाख र नगरपालिकावाट ३९ लाख गरी कुल जम्मा ६५ लाख विनियोजन गरेकी छु ।

२५. कुश्मा नगरपालिका वडा नं. १२ मा पर्ने झाँक्रीखोला लाम्पाटा पौडेलचोक राताडाँडा रिप कालिका भगवति मन्दिर सडक निर्माण तथा स्तरोन्नती सडकका लागि गण्डकी प्रदेश सरकारवाट ५० लाख र नगरपालिकावाट ५० लाख गरी कुल जम्मा १ करोड विनियोजन गरेकी छु ।

२६. कुश्मा नगरपालिकाका १४ वटै वडाहरुको सडक, सिँचाई, खानेपानी पुर्वाधार निर्माणको लागि वडागत योजना तथा कार्यक्रमका लागि ७ करोड ५० लाख विनियोजन गरेकी छु ।

२७. नगरबासीमा सफा र स्वच्छ खानेपानीको सहज पँहुच विस्तार गर्नका लागि वडा नं. ९ मा आगामी ३ वर्ष सम्म क्रमागत रुपमा सञ्चालन हुने गरि **एक घर एक धारा कार्यक्रम** अन्तर्ग संघीय सरकारको विशेष अनुदानवाट कटुवाचौपारी (मल्याङ्दीखोला) लिफ्ट खानेपानी आयोजनाका आगामी वर्षका लागि रु. १ करोड विनियोजन गरिएको छ ।

**वन, वातावरण तथा विपद् ब्यवस्थापनः**

२८. विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी वनाउन विपद ब्यवस्थापनमा संलग्न निकायहरुको क्षमता अभिवृद्दीको लागि आवश्यक स्रोत ब्यवस्थापन गरेकी छु । विपत् पुर्वतयारी, खोज, उद्धार, पुर्नस्थापनामा स्थानीय समुदायको अभिवृद्दीका लागि स्वयंसेवक परिचालन गरिने छ । प्रकोप ब्यवस्थापन कोषमा रु. ४० लाख वजेट विनियोजन गरेकी छु ।

२९. नगरपालिका क्षेत्रभित्र उत्पन्न हुने फोहेरमैला व्यवस्थापन कार्यको लागि रु. ३० लाख रकम विनियोजन गरेकी छु ।

**संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासनः**

३०. सेवाग्राहीले सम्पत्ति तथा भुमिकर र अन्य राजश्व वुझाउनका लागि सम्वन्धित वडा कार्यालयमा साथै अनलाईन माध्यम मार्फत् वुझाउने ब्यवस्था मिलाइएको छ ।

३१. सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभगितामूलक वनाउन सुशासनका आधारभुत तत्वहरुको परिचालन गर्न, प्रविधिमैत्री वनाउन, क्षमता तथा सीप विकास मार्फत् उत्तरदायी वनाउन आवश्यक वजेट विनियोजन गरिएको छ ।

३२. न्यायिक समितिको वडा तहसम्म नै पहुँच स्थापित गरि मेलमिलाप मार्फत् विवाद समाधान गर्न न्यायिक समितिलाई थप क्रियाशिल वनाई कार्यसम्पादनमा प्रभावकारी वनाउन १० लाख वजेट विनियोजन गरेकी छु ।

३३. सुचनाको हकको प्रवर्द्धन एवं विकास निर्माण प्रकृयाको जवाफदेहिताको लागि राष्ट्रिय स्तरका संवाददाता तथा स्थानीय पत्रकारिता प्रवर्द्धनको आवश्यक वजेट चालु खर्चवाटै ब्यवस्थापन गरेकी छु ।

३४. अव म आर्थिक वर्ष २०८१/०८२ को यर्थाथ आय व्यय पेश गर्ने अनुमति चाहान्छु ।

- गत आर्थिक बर्ष २०८१/०८२ मा कुल आय ९२ करोड १२ लाख ७२ हजार प्रस्ताव गरिएकोमा ७७ करोड ४७ लाख ८६ हजार आय भएको र कुल व्यय ७५ करोड ३५ लाख ९७ हजार भई मौज्दात २ करोड ११ लाख ८९ हजार हस्तान्तरण भएको थियो ।
- नगरसभाको वाह्रौ अधिवेशनवाट आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत भएको वजेट तथा कार्यक्रमको साथै नगरपालिका र नगर कार्यपालिकाको निर्णयवाट छनोट गरी

कार्यान्वयन गरिएका सवै योजना तथा कार्यक्रमहरु समेत यस तेह्रौ अधिवेशनवाट अनुमोदन सहित स्वीकृत गर्न प्रस्ताव पेश गरेकी छु ।

**सभाध्यक्ष महोदय**

३५. आर्थिक वर्ष २०८३/०८४ को लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान १२ करोड ३६ लाख, गण्डकी प्रदेश सरकार वित्तीय समानीकरण अनुदान १ करोड ६८ लाख २५ हजार, नेपाल सरकार राजश्व बाँडफाँड अन्तर्गत मूल्य अभिवृद्दीकर र अन्तशुल्क वापत १० करोड २३ लाख २० हजार र विद्युत रोयल्टी वापत ५० लाख, प्रदेश सरकार राजश्व बाँडफाँड अन्तर्गत सवारीकर वापत १ करोड ६ लाख ८ हजार, स्थानीय राजश्व बाँडफाँड अन्तर्गत दहत्तर वहत्तर निकासीकर वापत ३ करोड ५० लाख र मालपोत रजिष्ट्रेशन शुल्क वापत २ करोड र आन्तरिक आय र आर्थिक वर्षको अन्त्यमा वैंक खाताहरुमा रहेको मौज्दात रकम समेतवाट ७ करोड ८९ लाख ४७ हजार, नेपाल सरकार सशर्त अनुदान चालु तर्फ ४५ करोड १५ लाख, नेपाल सरकार सशर्त अनुदान पुँजीगत तर्फ ३० लाख, नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान २६ लाख, नेपाल सरकार विशेष अनुदान २ करोड ५ लाख, गण्डकी प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान ४० लाख र समपुरक अनुदान ६० लाख गरि कुल जम्मा ८७ करोड ९९ लाख आय अनुमान गरिएको छ ।

३६. आर्थिक वर्ष २०८३/०८४ को लागि कुल वजेट ८७ करोड ९९ लाख विनियोजन गरेकी छु । कुल विनियोजित रकम मध्ये नगर सभा द्धारा वाँडफाँट योग्य रकम ३९ करोड २३ लाख मध्ये चालु खर्च तर्फ एकमुष्ट १६ करोड ४५ लाख र पुँजीगत खर्च तर्फ वडागत योजना तथा कार्यक्रमका लागि ७ करोड ५० लाख विनियोजन गरेकी छु । चालु खर्च मध्ये वडा कार्यालय सञ्चालन खर्च वापतको ७० लाख समेत माथि उल्लेखित चालु खर्चवाट नै ब्यवस्थापन मिलाएकी छु । नगर स्तरीय पुर्वाधार कार्यक्रममा ४ करोड ७० लाख, सामाजिक विकास तर्फ २ करोड ७९ लाख, आर्थिक विकास तर्फ ८५ लाख, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र (विपत ब्यवस्थापन समेतमा) ८० लाख, संस्थागत विकास तथा सेवा प्रवाह तर्फ ८० लाख, समपुरक कोष तर्फ २ करोड ९ लाख, चालु आ.व. मा सम्भावित भुक्तानी दिन वाँकी योजना तथा कार्यक्रमका लागि ३ करोड २५ लाख विनियोजन गरेकी छु । चालु तर्फ ५३.२५ प्रतिशत र पुँजीगत तर्फ ४६.७५ प्रतिशत विनियोजन भएको छ । संघीय सरकार र गण्डकी प्रदेश सरकारवाट हस्तान्तरित शसर्त, समपुरक र विशेष अनुदान तर्फका ४८ करोड ७६ लाख वरावरका योजना तथा कार्यक्रमहरु तोकिए वमोजिम नै खर्च हुने ब्यवस्था मिलाएकी छु । वजेट, योजना तथा कार्यक्रम सम्वन्धि विस्तृत विवरणहरु अनुसुचीहरुमा समावेश गरिएको छ ।

**अन्त्यमा,**

आम नगरबासीको विकास प्रतिको उत्कृष्ट आकांक्षालाई साकार पार्न, नगरको ऐतिहासिक, सांस्कृतिक पर्यटकीय महत्वलाई सामाजिक न्याय, समानता, सामाजिक सद्भाव एवं बन्धुत्व विकास र समग्र नगरको विकास तथा समृद्धिको महत्वलाई थप उजागर गर्ने विश्वास लिएकी छु ।

बजेट तर्जुमा जति महत्वपुर्ण छ सफल कार्यान्वयनमा यसको सार्थकता झल्किन्छ । वजेटको सफल कार्यान्वयनका लागि सम्पुर्ण नगरवासीहरुले आ-आफ्नो क्षेत्रवाट साथ र सहयोग गर्नुहुनेछ भन्ने पुर्ण अपेक्षा गरेकी छु । **"समृद्ध सुन्दर कुश्मा नगर"** बनाउने हाम्रो पवित्र उद्देश्यलाई साकार पार्नका लागि सम्पूर्ण नगरबासीहरु, नगरसभासदस्य ज्यूहरु, कर्मचारीहरु, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी / गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरु, संचार जगत एवं सम्बद्ध सबैलाई सदा झै सहकार्य, समन्वय र रचनात्मक सहयोग गर्न सादर अनुरोध गर्न चाहन्छु ।

धन्यवाद ।।।

मितिः २०८३ असार ७

स्वस्थानी रिजाल
उपप्रमुख